# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, वैशाख १७ गते २०२५ साल [ संख्या ३

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको सरकारी मुद्दा सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०२४ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### सरकारी मुद्दा सम्बन्धी ( तेस्रो संशोधन ) नियमावली, २०२४

सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ (यस पछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ :–

(१) संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सरकारी मुद्दा सम्बन्धी ( तेस्रो संशोधन ) नियमावली, २०२४" रहेको छ ।

२) यी नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(२) मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को उपनियम (३) को सट्टा निम्नलिखित उपनियम (३) राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

33

(३) ऐनको अनुसूचि १ को ज्यान सम्बन्धी मुद्दामा अपहत्या वा कर्तव्य परी मरेको उजूर वा शंका देखिएकोमा अस्पताल नजिक भए अस्पताल-मा ल्याउँदासम्म सडीगली नजाने भए लासको पोष्टमार्टम गराउनु पर्छ ।

(३) मूल नियमावलीको नियम १५ पछि नियम १५ क थप:– मूल नियमावलीको नियम १५ पछि निम्नलिखित नियम १५ क थपिएको छ:-

१५ क. भरीभराउ गराइ माग्नेसम्मको सम्बन्धमा व्यवस्था:– ऐनले श्री ५ को सरकार बादी भइ चलेको मुद्दामा अदालतका अन्तिम निर्णय बमोजिम कुनै गैर सरकारी व्यक्तिलाई भरीभराउ गरी दिनु पर्ने चलन चलाई दिनु कुनै गैर सरकारी व्यक्तिलाई भरीभराउ गरी दिनुपर्ने चलन चलाई दिनुपर्ने वा अरू केही कुरा गरी दिनु पर्ने रहेछ भने सो मुद्दामा पुनरावेदन उजूर गर्ने म्याद नाघेका मितिले साधारणतया सात दिन भित्र शुरू अदालतले पुनरावेदन उजूर परे नपरेको बुझी पुनरावेदन उजूर नपरेकोमा तुरून्त र पुनरावेदन उजूर परेकोमा पुनरावेदन उजूरको आखिरी टुंगो लागेको जनाउ आफू कहां दाखिल भएपछि त्यस्ता गैरसरकारी व्यक्तिलाई त्यस कुराको सूचना दिनु पर्छ र त्यस्ता गैरसरकारी व्यक्तिका हकमा त्यस्ता सूचना तामेल भएका मितिले प्रचलित नेपाल कानून बमोजिम भरीभराउ गराइ माग्ने, चलन चलाइ माग्ने वा अरू केही कुरा गराई माग्ने म्यादको गणना गरिने छ ।

(४) रूपान्तर:– मूल नियमावलीमा प्रयोग भएको निम्नलिखित शब्दको सट्टा निम्न-लिखित शब्द राखिएको छ:–

(क) "गभर्नमेण्ट प्लीडर" को सट्टा "सरकारी अभिवक्ता"

(ख) "पब्लिक प्रोसिक्यूटर" को सट्टा "सरकारी अभियोक्ता"

(ग) "एडिशनल गभर्नमेण्ट प्लीडर" को सट्टा "अतिरिक्त सरकारी अभिवक्ता"

(घ) "एडिशनल पब्लिक प्रोसिक्यूटर" को सट्टा "अतिरिक्त सरकारी अभियोक्ता"

(ङ) "असिष्टेन्ट गभर्नमेण्ट प्लीडर" को सट्टा "सहायक सरकारी अभिवक्ता"

(च) "असिष्टेन्ट पब्लिक प्रोसिक्यूटर" को सट्टा "सहायक सरकारी अभियोक्ता"

(छ) "पुलिस रिपोर्ट" को सट्टा "प्रहरी प्रतिवेदन"

आज्ञाले

रमानन्दप्रसाद सिंह

श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।